हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ८९ पृष्ठ : ४ २०७७ असोज २६ गते सोमबार (Monday 12 October 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• थाल टाँसेर उपचार •

## 'उपचार विधि परम्परागत, चुनौति ! वैज्ञानिक चिकित्सा पद्धतिलाई'

सिरहाको लहान नगरपालिका-१० स्थित गुदीगाउँका ६० वर्षीय राजेन्द्र पासवानले पिठ्यू (ढाड) मा काँस(झर्का) थाल टाँसेर उपचार गर्दै आएका छन् । पासवानले आफूबाट उपचार सम्भव नहुँने बिरामीलाई अस्पताल पठाईदिन्छन् ।

प्राविधिक शिक्षालयका रिटायर्ड कर्मचारी उनले २४ वर्षदेखि पिठ्यूमा झर्का थाल टाँसी कुकुरले टोकेको उपचार गर्दै आएका छन् । बहुला कुकुरले टोकेमा रेबिज लाग्ने डर हुन्छ । रेबिज लागेमा चिकित्सकीय उपचारले समेत निको पार्न सम्भव हुँदैन । रेबिजको भ्याक्सिन बाहेक अन्य कुनै औषधि नभएको चिकित्सकहरूको भनाइ छ ।



२६ वर्षको उमेरदेखि थाल टाँसेर जडिबुटीबाट बनाएर दिएको औषधिको भरमा उनले अहिलेसम्म पाँच हजार भन्दा बढी कुकुरले टोकेको बिरामी उपचार गरि निको पारेको दाबी गरे । 'हरेक आइतबार र मंगलबार उपचार गर्छु' उनले भने 'अरू दिन उपचार गर्दा रोग निको हुँदैन ।' यी दुई दिन उनको उपचार पद्धतीको अचुक बार भएको बताउँछन् । उनीबाट उपचार लिन बिरामी खाली पेटमा

बाँकी ३ पेजमा

## महिला विरुद्ध हुने लैङ्गिक हिंसा न्यूनिकरणका लागी गोष्ठी



शान्तिका लागि साझा अभियान (कोक्याप) को सहयोगमा सामुदायिक विकास मञ्च लहानको आयोजनामा लहानमा आइतबार 'महिला विरुद्ध हुने लैङ्गिक हिंसा न्यूनिकरणका लागी एक दिवसीय गोष्ठी' आयोजना गरिएको छ ।

गोष्ठीमा जिल्लामा महिला (लैगिंक) हिंसाको अवस्था र चुनौती बारे जानकारी गराउन, महिला (लैगिंक) हिंसा न्यूनिकरणको उपाय बारे छलफल गर्नुका साथै महिला (लैगिंक) हिंसा न्यूनिकरणका लागी सरोकारवालाको भूमिका र आगामी कार्ययोजनाबारे छलफल गरिएको थियो । तथ्यांक अनुसार नेपालको सन्दर्भमा

बाँकी ३ पेजमा




## नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकार स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. २ प्रादेशिक कार्यालय, जनकपुर
लहान वितरण केन्द्र, लहान

**सूचना ! सूचना !! सूचना !!!**

प्रस्तुत विषयमा मिति २०७७ असोज २६ गते २८ गते सम्म जहदी फिडर अन्तर्गत विभिन्न ठाउँहरुमा वुस-कटिङ्ग कार्य हुने भएकोले विहान ९:00 देखि ५:00 वजे सम्म वितरण लाईन पूर्ण अथवा आंशिक रुपमा वन्द रहने व्यहोरा सम्पूर्ण विद्युत उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । यसबाट ग्राहक वर्गहरुमा हुन जाने असुविधा प्रति लहान वितरण केन्द्र क्षमाप्रार्थी छ ।

नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्र
लहान, सिरहा

## कर्मचारी आवश्यकता

श्री सृजना सामुदायिक पुस्तकालय लहान न.पा.-११ पडरिया थारुटोल सिरहाले संचालन गर्न लागेको "व्यवहारिक सामुदायिक समस्या समाधान परियोजनाको" लागि तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| सि.नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | सामाजिक परिचालक/परिचालिका | १ | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण |
| २. | फोकल पर्सन | २ | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण |

१. **पेश गर्नुपर्ने कागजातहरु :-** (क) नेपाली नागरिकताको प्रतिलिपि
(ख) बायोडाटा
(ग) शैक्षिक योग्यताको प्रतिलिपि
(घ) अनुभवको प्रमाणको प्रतिलिपि
२. **कागजात बुझाउने स्थान :-** श्री सृजना सामुदायिक पुस्तकालय पडरिया थारुटोल लहान न.पा.-११
समय : १०:०० बजे देखि ५:०० बजे सम्म ।
३. **परीक्षा दस्तुर :** सामाजिक परिचालिका पदको लागि रु. २५०।- र फोकल पर्सनको लागि रु. १५०।-
४. **परीक्षाको किसिम :** अन्तर्वार्ता तथा प्रयोगात्मक
५. **काम गर्नुपर्ने स्थान :** लहान न.पा.को वडा नं. ११, १२, १३ र १४
**नोट :** कम्प्यूटर तथा इन्टरनेट सेवा अनिवार्य रुपमा चलाउने सक्ने स्थानीय महिला तथा दलित वर्गलाई विशेष ग्राहयता दिइनेछ ।
**सम्पर्क नं.** ९८५२८३०६०७, ९८१५७५१३४४, ९८०७७४०९३३
सम्पर्क मिति : २०७७ कार्तिक ३ गते ।




## फ्रेन्डस मोडल हसिपटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरु**
बालरोग विशेषज्ञ — डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## 'घुम्टो' बाध्यात्मक की वैज्ञानिक उपज ?

विवाहित महिलाहरूले सारी, सउल वा दुपट्टाले मुख वा टाउको छोप्ने परम्परालाई घुम्टो भनिन्छ । यो प्रथा हिन्दु, जैन र शिख धर्म मान्नेहरूमा कायम छ । घुम्टो शब्द संस्कृतबाट आएको हो । यस्तो चलन भारतको उत्तरी क्षेत्र र नेपालको मधेस क्षेत्रमा रहेको पाइन्छ । मधेसमा पनि खासगरी मधेसी समुदायका महिलाहरूमा घुम्टो लिने चलन छ । यो प्रथा धेरै पुरानो रहेको मानिन्छ । त्रेतायुगको कथा रामायणमा सीताले घुम्टो लिने गरेको सन्दर्भ उल्लेख छ । यस प्रथाबारे अनेकौं किम्वदन्तीहरू पनि पाइन्छ ।

चौधौं शताब्दीमा एउटा चर्चित ऐतिहासिक घटना घटेको थियो । चितौडगढका राजपुत राजा रतनसेनको महलमा एकपटक सुल्तान अलाउद्दिन आएका थिए । सुल्तान अलाउद्दिन बसेको महलकै छेउमा रानी पदमिणीको पनि महल थियो । सुल्तानले रानी पदमिणीलाई पटक–पटक हेरेका थिए । रानी पदमिणी टाउको छोपेकी थिइनन् । रानीलाई हेरेपछि सुल्तान मोहित भएका थिए रे ! सुल्तान अलाउद्दिन आफ्नो राज्य फर्केपछि चितौडगढमाथि आक्रमणको योजना बनाउन थाले । केही दिनपछि चितौडगढमाथि आक्रमण गरेर रानी पदमिणीलाई अपहरण गरेर लगेका थिए । उक्त घटनापछि राजस्थानमा मुस्लिम सुल्तानबाट बच्न महिलाहरूले घुम्टो लिन थालेका थिए, जुन पछि गएर चलनकै रूपमा विकसित भएको मानिन्छ । त्यतिबेला मुस्लिम सम्राटहरूले हिन्दु महिलाहरूलाई अपहरण गरी रानी बनाउने प्रथाको कारण पनि महिला सुरक्षाको लागि घुम्टो प्रथाको सुरुआत भएको मानिन्छ ।

घुम्टो लिने परम्परा मधेसी समुदायमा वैवाहिक परम्परासँग पनि जोडिएको छ । मधेसमा वैवाहिक परम्परामा कतिपय जातिमा घोघट दिने परम्परा छ । बेहुलीलाई घोघट दिने काम बेहुलाको जेठो दाइले वा मामाले गर्छन् । घोघट दिनुको उद्देश्य बिहेपछि दुलहीले दुलहाको दाजु, बुबा, मामा लगायतका व्यक्तिहरूलाई हेरेर मुख छोप्नुपर्छ र उहाँहरूको शरीरमा छुनु हुँदैन भन्ने हो । त्यस्तै बिहेपछि मुख देखाउने (मुह दिखाइ) चलन पनि छ, जसमा आफूभन्दा ठूला व्यक्तिहरूले मुख हेरेर गहना, पैसा, साडी लगायतका सामानहरू उपहारसहित आशीर्वाद दिने गर्छन् । यसले गर्दा पनि नवदुलहीहरूले बिहेको केही महिनासम्म घुम्टो लिने वा टाउको छोप्ने गर्छन् । यस्तो परम्परा आफूभन्दा ठूलो व्यक्तिहरूको आदर वा सम्मानको लागि गरिने मान्यता छ । यसलाई गाउँघरमा लज्जासँग पनि जोडेर हेर्ने गर्छन् । कुनै महिलाले आफूभन्दा ठूलो व्यक्तिलाई हेरेर टाउको छोप्दैन भने त्यसको बारेमा विभिन्न टिकाटिप्पणी हुने गर्छ र त्यस्तोलाई ठूलाबडाको सम्मान नगरेको आरोप लाग्छ । सायद वातावरणीय कारणले पनि घुम्टो प्रथा सुरु भएको हुनसक्छ । खासगरी पश्चिम, उत्तर भारतमा अत्यधिक गर्मी मौसमका कारण पनि यो चलन चलेको हो कि ? जुन पछि परम्पराको रूपमा कायम रहन गयो ।

यसबारे नेपालमा खासै अध्ययन, अनुसन्धान भएको छैन । तर भारतमा यसबारे केही अध्ययनहरू भएको पाइन्छ । सन् २००४ मा भएको इन्डिया मानव विकास सर्भेका अनुसार भारतमा ५५ प्रतिशत महिलाले घुम्टो लिने गरेको तथ्य उल्लेख छ । नेपालको मधेसमा घुम्टो लिने चलन अब खासै रहेको छैन । गाउँघरतिर नयाँ–नयाँ बिहे गरेर आएको नवदुलहीले बिहेको केही महिनासम्म घुम्टो लिने गर्छन् । अलि पुरानो भएपछि प्रायःजसो महिलाहरू टाउकोमात्र छोप्न थाल्छन् । घर–आँगन र आफ्नो परिवारसँग हुँदा टाउको मात्र छोप्ने गर्छ भने कोही बाहिरबाट पुरुषहरू आएको छ भने हल्का घुम्टो पनि लिने गर्छन् । तर सहर–बजारमा बसोबास गर्ने मधेसी समुदायका महिलाहरूले अब बिरलै घुम्टो लिन्छन् । त्यही महिलाहरू गाउँ जाँदा आफूभन्दा ठूलो व्यक्तिको अगाडि सम्मानस्वरूप टाउको छोप्ने परम्परा हटिसकेको छैन ।

यदि कसैले कसैलाई जबर्जस्तीपूर्वक घुम्टो लिन बाध्य पार्छ भने त्यो सामाजिक कुरीति हो । तर कसैले स्वेच्छाले घुम्टो लिन्छ भने त्यो सामाजिक कुरीतिभित्र नपर्नुपर्ने हो । जहाँसम्म महिला सशक्तीकरणको बाधकको रूपमा घुम्टो प्रथालाई उल्लेख गरिन्छ भने त्योचाहिँ गलत हो । किनभने घुम्टो बिहेपछि लिने सामाजिक परम्परा हो अर्थात विवाहित महिलामा मात्र यो प्रथा कायम छ । तर महिला सशक्तीकरणको लागि विवाहितै हुनु जरुरी छैन । शिक्षामा पहुँच, स्वास्थ्यसेवामा पहुँच, राजनीतिमा प्रतिनिधित्व तथा आर्थिक रूपले सबल हुनु महिला सशक्तीकरणका आयाम हुन् । आँखा, अनुहार तथा टाउकोलाई धूलो–छारोबाट जोगाउने काम पनि घुम्टोले गर्दछ । गर्मी, जाडो र वर्षा आदि सबै मौसमको दृष्टिकोणले हेर्ने हो भने मधेसी लोकजीवनमा प्रचलित घुम्टो प्रथा वैज्ञानिक सोचको उपज रहेको पुष्टि हुन्छ ।

# 'पोजिटिभ डिसिप्लिन' शिक्षण पद्दति र पालिका

**पालिका बहस**

**डा. विजयप्रसाद मिश्र**



प्लसटूसम्मको पढाईको जिम्मेवारी पाएको पालिकाले बालबालिकाको शिक्षामा परम्परागत शिक्षा प्रणाली अर्थात शारिरिक दण्ड ( Punishment) दण्डको प्रणाली ठीक कि सकारात्मक अनुशासन (Positive Discipline) प्रणाली ठीक भन्ने विषयमा अझै फरक फरक मत आउने गरेको छ । परम्परागत शिक्षण विधिका पक्षधरहरू अहिले पनि विद्यार्थीलाई दण्ड सजाय दिनु पर्दछ भन्दैछन् । Positive Discipline भनेको विद्यालय र बच्चा स्याहार केन्द्रहरूले प्रयोग गर्ने एउटा सिकाइको ढाँचा हो । जसले कुनैपनि बालबालिका खराब हुँदैनन्, बरू असर र खराब उनीहरूको व्यवहार मात्र हुन्छ भन्ने अवधारणामा आधारित भई आचरणका सकारात्मक पक्षलाई जोड दिन्छ । त्यसैले मानिसलाई होइन उसको व्यवहार परिवर्तन गर्न सकिन्छ । यसको लागि पोजिटिभ डिसिप्लिन तरिका अपनाउनु पर्दछ भनिन्छ ।

पोजिटिभ डिसिप्लिन भनेको कुनै व्यक्तिलाई दिइने शिक्षणको अभ्यास वा तालिम हो जसले गर्दा त्यो व्यक्तिले लामो र छोटो अवधिका लागि नियम वा आचरणका सर्तहरू पालन गर्दछ । तर Punishment को उद्देश्य बालबालिकाको व्यवहारलाई नियन्त्रण गर्नु हो । त्यसैले डिसिप्लिन सिकाइ उन्मुख हुन्छ भने पनिस्मेन्ट नियन्त्रणमूखी हुन्छ । पनिस्मेनटमा एउटामात्र तह हुन्छ भने पोजिटिभ डिसिप्लिन भनेको शिक्षण सिकाइको एउटा स्वरूप हो जसमा चार तह हुन्छन् । पहिलो उपयुक्त आचरणलाई परिभाषित गरिन्छ त्यसपछि स्पष्ट नियम र कारणहरू भनिन्छ । तेस्रोमा विद्यार्थीको बुझाई थाहा पाइन्छ र अन्त्यमा सही आचरणलाई उत्प्रेरित गरिन्छ ।

सुरक्षित स्वागत योग्य, हिंसा रहित सिकाइको वातावरण नै Positive Discipline हो । यसमा सुरक्षित विद्यालय, बालबालिकाको अधिकार र प्रतिष्ठालाई सम्मानपूर्ण व्यवहार गरिन्छ । यसले बालबालिकाको पूर्ण क्षमता विकासको लागि सबै उपायहरू अवलम्बन गरेको हुन्छ । के हाम्रो पालिका अन्तर्गतका विद्यालयहरूमा यो तरिका अवलम्बन गरिएको छ ? छैन भने पालिकाले अब शिक्षण प्रक्रियालाई कुनै सिद्धान्तमा आधारित रहेर अगाडी बढाउनु पर्दछ ।

सर्वप्रथम सन् १९२० को दशकमा डाक्टर एल्डरले प्यारेन्टिङ् शिक्षाको बारेमा अभिभावकले बालबालिकालाई कसरी शिक्षा दिने भनेर विचार अगाडी ल्याए । उनले बालबालिकाहरूलाई आदरपूर्वक कसरी पढाउने भन्ने बारेमा वकालत गरेका थिए । उनको विचारमा बालबालिकालाई थर्काएर, कुटेर पढाउने सिकाइ प्रक्रिया सकारात्मक होइन भन्ने थियो । उनको विचारलाई हामी पोजिटिभ डिसिप्लिनको अवधारणाको रूपमा चिन्दछौं । हुनत, अष्ट्रियाको भियनामा यो सिकाइ पद्धती सन् १९२०–२२ तिर नै सुरू भइसकेको थियो । पछि सन् १९३० को दशकमा अमेरिकामा डाक्टर DREIKURS ले यसलाई प्रयोगमा ल्याएका थिए । उनले यो पढाईको तरिकालाई डेमोक्रेटिक टिचिङ् विधि भने । सन् १९८० को दशकमा Lynn Litte / Jane Nelsen ले यसको विकास गरेका हुन । विस्तारै यो पद्दति विश्वभरी संचालनमा आयो ।

पोजिटिभ डिसिप्लिनले दयालुपन र दृढदा एकै पटक गरिनु पर्दछ अर्थात आदरपूर्वक वा सम्मानपूर्वक र उत्प्रेरणादायी संगसंगै अघि बढाउनु पर्दछ । यसले बालबालिकालाई अपनत्व र सार्थकताको आभाष दिने काम गर्दछ । लामो समयसम्म प्रभावकारी हुने पोजिटिभ डिसिप्लिन हो भने दण्ड छोटो समयको लागि प्रभावकारी हुन्छ तर यसले लामो समयसम्म नकारात्मक परिणाम उत्पन्न गर्दछ ।

त्यसैगरी पोजिटिभ डिसिप्लिनले असल आचरणका लागि समाजका जीवन उपयोगी सीपहरू आदर, परोपकारी, समस्या समाधान गर्ने, उत्तरदायी, जवाफदेही र सहयोगी हुने सीप बालबालिकामा दिने काम गर्दछ । बालबालिकालाई उनीहरू कति सक्षम छन् भनी पत्ता लगाउन र उनीहरूको व्यक्तिगत क्षमतालाई सृजनात्मक काममा प्रयोग गर्न आह्वान गर्दछ ।

पोजेटिभ डिसिप्लिन र पनिस्मेन्ट प्रणालीमा तुलना गरेर हेर्दा पनि के देखिन्छ भने पोजिटिभ डिसिप्लिनले हिंसाको कुनै पनि रूपलाई प्रयोग गर्दैन । न भौतिक न मनोवैज्ञानिक । तर पसिस्मेन्ट विधि भौतिक वा मनोवैज्ञानिक हिंसाको स्वरूप हो । त्यसैगरी पोजिटिभ डिसिप्लिनले कुनै पनि व्यक्तिको गतिविधिमाथी प्रश्न गर्दछ, व्यक्ति माथी होइन । तर पनिस्मेन्टले व्यक्तिको मर्यादा माथी प्रश्न गर्दछ, कार्यमाथी होइन ।

पनिस्मेन्ट विधि शक्तिको दुरूपयोगमा आधारित हुन्छ भने पोजेटिभ डिसिप्लिन राम्ररी सुझबुझ पूर्ण र योजनाबद्ध हुन्छ । पोजेटिभ डिसिप्लिनमा बालबालिका सकेसम्म सहभागी हुन्छन् र कम्तिमा आधारभूत मुल्य मान्यता र त्यसबाट हुन सक्ने परिणाम बारेमा सूचित हुन्छन् । तर पनिस्मेन्ट विधिमा बाल सहभागितालाई कहिल्यै समावेश गरिदैन ।

पोजेटिभ डिसिप्लिनले गैर हिंसात्मक दण्डका उपायहरू अपनाउँछ भने पनिस्मेन्ट विधिले जसले माया गर्दछ उसले दुःख दिन्छ र जो संग अख्तियार हुन्छ उसले त्यसको दरूपयोग गर्न सक्छ भन्दछ । यतिसारो बहसमा आएको शिक्षण पद्दतिहरूमध्ये कुनलाई अनुशरण गर्ने भन्ने दायित्व पालिकाको काँधमा आएको छ । तपाईको पालिकाले कुन शिक्षण पद्दती अबलम्बन गरिरहेको छ त ? यसको चाँसो लिने काम पालिकाका नागरिकको हो ।

बालबालिकाहरू असहाय हुन्छन् । उनीहरूको पूर्ण विकासको लागि अभिभावक र विद्यालयको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षकको हैसियलले बालबालबालिकालाई कसरी जीउने भन्ने सिकाउनु पर्दछ । यो सजिलो काम होइन । बालबालिका पढ्ने कक्षा आनन्दमयी, रमाइलो गर्दै सिक्ने स्थान हो । तर हामी मध्ये धेरै जना आफ्नो बालवालिका प्रति चिन्तित र अनिश्चित हुन्छौं । के गर्ने हुन बालबालिकाले भनेर अविश्वास गर्दछौं । आफ्नो कुरा लाद्न खोज्दछौं । बालबालिकाको चाहना बुझ्ने चेष्टा गर्दैनौ ।

धेरै विद्यालयहरूमा बालबालिकालाई शारिरिक दण्ड दिने काम विद्यालयको नियमित क्रियाकलाप जस्तै छ । बच्चालाई गरिने दुर्व्यवहारले हिंसाको रूप धारण गरेको पत्तै हुदैन । बालबालिकालाई नकारात्मक दण्ड दिने हो भने उसमा लाजलाग्ने, पछुताउने, आकुल व्याकुल हुने, छुब्धता हुने, आक्रमक हुने, झगडालूहुने गर्दछ । उसमा स्वतन्त्रताको अभाव हुन्छ ।

जब बालबालिकालाई अरूबाट पाउने स्याहार कम हुन्छ ऊ टोलाउन थाल्दछ । त्यसैले पोजिटिभ डिसिप्लिन प्रक्रियाबाट बालबालिकालाई पढाउन सक्नु पर्दछ । यो प्रक्रिया भनेको डर त्रास नभईकन रमाइलो पाराले विद्यार्थीको चाहनालाई मान्यता दिंदै पढाउनु पर्दछ ।

शिक्षकहरूले बालबालिकालाई जब नराम्रो व्यवहार गर्दछ तब उसलाई पढने रूची हराउँछ । शुरूशुरूमा विद्यालयमा रमाएर आउने बालबालिकाहरू पछि विस्तारै विद्यालय जान नमानेको घटनाको सुक्ष्म अध्ययन गर्ने हो भने त्यो बालबालिकाको प्रकृति, भावना शिक्षकबाट बुझन नसक्नु नै हो । जब बालबालिकालाई आफ्नो आवश्यकता पुरा नभएको महशुस हुन्छ वा उसप्रति चाँसो नदेखाएको महशुस गर्दछन् त्यसपछि उनीहरू चिढिन्छन् । उनीहरूमा हुने दिग्दारीको कारण नै उनीहरूमा गरिने दुर्व्यवहार हो । अभिभावक र शिक्षकमा यसलाई नियन्त्रण गर्ने सीपको अभावले गर्दा झन झन समस्या विकराल हुदै

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- आज स्वास्थ्यमा सुधार हुनेछ । कार्यक्रम तथा चलफलमा सहभागी भइएला । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**वृष** :- आज रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पढाइ लेखाइमा प्रगति हुनेछ ।

**मिथुन**:- न्यायिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत वढ्नेछ । नयाँ कार्य वा रोजगार पाइनेछ । साहित्य तथा संगीतमा रूचि बढ्नेछ ।

**कर्कट** :- आज नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । भूमि लाभपनि रहला ।

**सिंह**:- आज सामान हराउने योग छ । पारिवारिक उल्झनमा परि अँाटेको काम विग्रनेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटावपनि हुन सक्छ ।

**कन्या** :- विशिष्ठ व्यक्तिको साथ पाईनेछ । राजननितक कार्यमा सफलता मिल्नेछ । जोश,जाँगर र हिम्मत बढ्नेछ । शेयर बजारको कारोवार हुनेछ ।

**तुला**:- आँटेको र ताकेको कार्य पुरा होला । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । धार्मिक कार्यमा रूचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**वृश्चिक** :- आज नयाँ व्यक्ति सङ्ग भेट हुने र अरूलाई प्रभावित पार्न सकिनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनोरञ्जनमा सहभागीता भइएला ।

**धनु**:- आज शरीर भारि र मन अस्थिर रहने संकेत देखिन्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । घरायसी विवाद बढ्नेछ ।

**मकर** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । पुनर्मिलनको योग रहेको छ ।

**कुम्भ**:- आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । जोश जाँगर र उमङ्ग बढ्नेछ ।

**मिन** :- आज मान प्रतिष्ठामा बृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कामको थालनी होला ।

# 'मौनता तोडौँ' नारा सहित लहानमा प्रदर्शन




**लहान ।** अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा लहानमा र्‍याली प्रदर्शन गरिएको छ ।

ओरेक नेपालको आयोजना र जनसेवा युथ क्लब तथा मिथिला शोसल क्लबको सहकार्यमा र्‍याली प्रदर्शन गरिएको हो ।

'मौनतातोडौँ' भन्ने मूल नारा सहित लहानस्थित राममन्दिरबाट निकालिएको र्‍याली सहिद चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

देशमा बालिका माथि हुने गरेका विभिन्न किसिमका अन्यायका श्रृंखला न्यूनिकरणका लागि सरकारलाई ध्यानाकर्षण गराउने उद्देश्यले शान्तिपूर्ण प्रदर्शन गरिएको आयोजकले जनाएको छ । प्रर्दशनकारीहरूले प्लेकार्ड र ब्यानरसहित प्रदर्शन गरेका थिए ।

यो नारासहित लहानमा भएको प्रदर्शन दोस्रो पटक हो । यसअघि अक्टोवर २ अर्थात असोज १६ गते पनि प्रदर्शन गरिएको थियो । बलात्कार र लैंगिक हिंसा विरूद्धको राष्ट्रिय अभियान अक्टोवर २ देखि १० डिसेम्बरसम्म चलिरहने र बिभिन्न कार्यक्रम गरी अभियानलाई सफल पार्ने ओरेक नेपालकी जिल्ला संयोजक ज्योति तिवारीले जानकारी दिइन ।

# ठगी आरोपमा सिरहा कांग्रेसका जिल्ला सदस्य पक्राउ

**लहान ।** प्रहरी थुनामा रहेका मान्छे छुटाइदिन्छु भन्दै रूपैयाँ असुल्ने नेपाली कांग्रेस सिरहाका जिल्ला सदस्य रामबाबु यादव पक्राउ परेका छन् । उनलाई इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी सन्तुलाल जैसवालको प्रहरी टोलीले सिरहा सदरमुकामबाट पक्राउ गरेको हो । गत असोज १८ गते इप्रका मिर्चैयाले जुवा खेल्ने आठ जनालाई होलिडे होटलबाट पक्राउ गरेको थियो । सोहीमध्ये सियाराबम महतोलाई प्रहरीबाट छुटाई दिन्छु भन्दै ४ लाख रूपैयाँ कांग्रेस नेता यादवले सियारामको परिवारसँग लिएको प्रहरीको दाबी छ ।

प्रहरीकाअनुसार पक्राउ परेका नेता यादवले सियारामको दाई राधेश्यामसँग २० गते दुई पटक गरी ४ लाख रूपैयाँ लिएका थिए ।

पैसा तिरेर पनि मान्छे नछुटे पछि पीडित परिवारले प्रहरीलाई गुहारेका थिए । प्रहरीले मुद्दा मिलाउने नाममा पैसा असुलेको थाहा पाएपछि नेता यादवलाई पक्राउ गरेको हो । उनीमाथि ठगी मुद्दा चलाईने प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी शालिग्राम शर्माले जानकारी गराए ।

मुद्दाको विषयमा कांग्रेस नेता यादवसँग कुरा गर्दा महतोको परिवारले अडियो रेकर्ड गरेका छन् । जसमा प्रहरी प्रशासनका हाकिमलाई मिलाउन पैसा लिएको र आइतबार मान्छे घरमै पुर्‍याई दिने नेता यादवले बोलेका छन् । यता, नेपाली कांग्रेस जिल्ला सभापति रामचन्द्र यादवले पक्राउ परेका यादव जिल्ला सदस्य नभएर सहयोगी रहेको दाबी गरेका छन् ।

## उपचार...

आउनुपर्छ । वैज्ञानिक चिकित्सा पद्धतीले केही परीक्षणका लागि खाली पेट आवश्यक भएझैं । सखर (उखुबाट बनाइएको गुलिलो) बस्तुमा जंगलबाट ल्याएको जडिबुटी मिसाएर बिरामीलाई खाली पेटमा खान दिएपछि उनी उपचार विधी सुरू गर्छन । 'बिरामीलाई जडिबुटी खान दिएपछि मन्त्र पढेर झर्का थाल टूास्छु' उनले भने 'कुकुरले टोकेको, रेबिज हुन लागेको छ भने थाल टासिन्छ, नत्र थाल टासिन्न ।'

कुकुरले टोकेको उनकोमा तीन पटक जडिबुटी र तीन पटक लगातार थाल टाँस्न आएपछि निको हुने उनले सुनाए । तर उपचार अवधिमा विरामीलाई माछा मासु खान वर्जित गरिन्छ । उनीकहाँ आउने बिरामी रक्ताम्मे पार्नेगरी कुकुरले टोकेपनि राजेन्द्रकै उपचार पद्धतीबाट तीनदिन सम्म जडिबुटी र थाल टाँस्ने विधीबाटै आफु निको भएको सुनाउँछन् । 'जति बढी समय पिठ्यूमा थाल टाँसियो, त्यति विष लागेको हुन्छ' राजेन्द्रले भने 'धेरै विष लागेको बिरामीमा ३ घण्टासम्म थाल टाँसिएर बस्छ, तीन पटकसम्ममा विष झरिसक्ने भएकाले थाल टासिन्दैन, त्यसपछि पूर्णरूपमा निको भएको मानिन्छ ।'

स्थानीय डिहीबार थान ( मन्दिर)का पुजारी समेत रहेका राजेन्द्रले यो विधी कसैबाट सिकेको नभई सपनामा जडिबुटीको नाम सहित थाल टाँसेर आइतवार र मंगलबार उपचार गर्नु भन्ने प्राप्ती पछि यो पद्धती सुरू गरेको सुनाए ।

सपनामा उपचार पद्धति प्राप्तीपछि शाकाहारी बनेका उनी बिरामीलाई निःशुल्क उपचार गर्छन । बिरामीले खुशीले पैसा दिएभने मात्र उनी लिन्छन् । विश्वास नहुने बिरामीलाई उपचारको लागि अस्पताल जान समेत उनी सुझाउँछन् । 'तर अहिलेसम्म म कहाँ आएको बिरामी निको भएको छ' उनी दाबी गर्छन् । चिकित्सकहरूका अनुसार परम्परागत रूपमा गाउँघरमा थाल टाँसेर उपचार गर्दै आएको सुनेपनि यसमा वैज्ञानिक आधार नभएको बताउँछन् । 'यसमा वैज्ञानिक आधार छैन, विश्वासको आधारमा उपचार गर्नु बेग्लै हो' चिकित्सक भन्छन् 'नत्र भने रेबिज पुरै फैलिसकेपछि निको पार्न चिकित्सा विज्ञान समेत असफल हुन्छ, कारण रेबिज भ्याक्सिन बाहेक निको पार्न यसको अन्य चिकित्सकीय औषधी नै छैन ।'

## महिला...

महिलाहरूको जनसंख्या ५१ द्यशमलब ५ प्रतिशत रहेको छ । गोष्ठीमा परम्परागत मूल्य मान्यता र सिद्धान्तबाट अगाडी वढदै आईरहेको हाम्रो समाजमा संस्कृति र परम्पराको नाममा महिलाहरू माथि दिनप्रति दिन हिसांका घटनाहरू बढ्दै गईरहेको प्रति सहभागिले चिन्ता व्यक्त गरेका थिए ।

महिला अधिकारको क्षेत्रमा काम गर्ने संस्था ओरेक नेपालको तथ्याङ्क अनुसार २०७६ चैत ११ देखि २०७७ असार १९ गते सम्म सबैभन्दा बढी ४९० जना घरेलु हिंसा बाट पिडित भएको देखिएको र १३१ जना बालात्कृत भएको तथ्यांकले देखाएको सामुदायिक विकास मञ्चका कार्यत्रmम संयोजक जितेन्द्र राय दनुवारले जानकारी दिए । तथ्यांक अनुसार जनवरी २०२० देखि जुलाई २०२० सम्म सिरहा जिल्लामा मात्रै ३३ वटा लैंगिक हिंसाका घटनाहरू भएको र सबैभन्दा धेरै बलात्कारका घटना प्रदेश नं २ को सिरहा जिल्लामा २७ वटा रहेको उनले जानकारी दिए ।

'महिला तथा किशोरी माथि निरन्तर भइरहेको लैङ्गिक विभेदमा आधारीत हिंसाका यी तथ्यांकले सुरक्षित र हिंसा रहित वातावरणमा बाच्न पाउने प्रत्येक नागरिको नैसर्गिक अधिकार सुनिश्चित नभएको देखाउँछ,' उनले भने, 'महिलाहरूमाथि हुने हिंसाको अन्त्यका लागि विभेद र हिंसालाई मलजल गर्ने सोच, दृष्टिकोण र ब्यवहारमा ब्यक्तिगत देखि समुदाय तहसम्म परिवर्तन गर्नु पर्ने देखिन्छ ।'

गोष्ठीका सहभागीहरूले लैङ्गिक हिंसा न्यूनिकरणका लागी सचेतना अभिवृद्धि गर्ने र न्यायमा पहुंच अभिवृद्धि गर्दै कानुनी र नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन तर्फ सबैको ध्यान जान जरूरी रहेको औल्याए ।

कार्यत्रmममा सञ्चारकर्मी भरत जर्घामगरले लैङ्गिक हिंसा न्यूनिकरणका लागी अवधारणा पत्र प्रस्तुत गर्दै लैङ्गिक विभेद उन्मूलन गर्न नेपालको संविधानमा कस्तो व्यवस्था गरिएको छ, लैङ्गिक समानता ल्याउन कानुनमा के के व्यवस्था गरिएको छ, सामाजिक संरक्षणको लागि व्यवस्था, लैङ्गिक हिंसाको सम्बोधन कसरी गरिन्छ, घरेलु हिंसा, लैङ्गिक हिंसा र कानुनी सहायता, लैङ्गिक हिंसा भए कानुनी उपचारको लागि उजुरी कहाँ र कहिले गर्ने भन्नेबारे जानकारी गराएका थिए ।

गोष्ठीमा शान्तिका लागि साझा अभियान (कोक्याप) का प्रदेश २ संयोजक रामउदेश महतोले लैङ्गिक हिंसा न्यूनिकरणका लागि समुदायस्तरबाटै जागरूक हुनुपर्ने बताए । सामुदायिक विकास मञ्च लहान, सिरहाका अध्यक्ष विनोद चौधरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन मञ्चका विनोद दासले गरेका थिए ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# लहान ८ मा जसपा र नेकपा परित्याग गरी कांग्रेसमा प्रवेश

लहान । लहान नगरपालिका–८ मा आइतबार जनता समाजवादी र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) परित्याग गरी सयजना भन्दी बढी नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

नवप्रवेशीहरुलाई कांग्रेसका सांसद पदमनारायण चौधरीले फूलमाला र अबिर टिका लगाएर स्वागत गरेका छन् ।

लहान नगरपालिका वडानम्बर ८ वडाध्यक्षका प्रत्यासी श्याम साह(भोरेभोर)का अनुसार नेकपा र जसपाबाट राजु मण्डल, धनीर सदाय, गोपाल पासमान, रामदेव पासमान, गोपी महतो, श्याम शर्मा, राकेश कामैतलगायत ११० जना कांग्रेसमा प्रवेश गरेका हुन् ।

पार्टी प्रवेश कार्यक्रममा सांसद चौधरी, क्षेत्रिय सभापति अच्छमितलाल चौधरी, कांग्रेस पूर्व जिल्ला उपसभापति रामसुन्दर चौधरी, नेपाली कांग्रेस प्रदेश (क) का संयोजक एवं क्षेत्रीय सचिव सन्तोष उपाध्याय, नेपाल ट्रेड युनियन कांग्रस सिरहाका जिल्ला अध्यक्ष संजीव उपाध्याय लगायतको उपस्थिती थियो । केही दिनअघि लहान नगरपालिका–१७ मा पनि कांग्रेसमा सय भन्दा बढी व्यक्तिहरू प्रवेश गरेका थिए ।




## पोजिटिभ ...

गएकोले स्वयंसेवकहरूको लागि यो सिकाउनु आवश्यक भएको हो ।

शिक्षक र अभिभावकहरू बालबालिकालाई ह्यूमिलेट गर्ने गरी शारिरिक र मानसिक दण्ड दिन थाल्दछन् यसले बालबालिकाले सिक्नेभन्दा विग्रने सम्भावना बढी हुन्छ । तसर्थ अहिंसाको माध्यमबाट सकारात्मक व्यवहारगत सिकाईहरू दिनु आजको आवश्यकता हो ।

सकारात्मक कक्षा शिक्षणका लागि कक्षा कोठामा भएका बालबालिका सबैलाई उत्तिकै महत्व दिनु पर्दछ । नम्रभाषी भई कुराकानी गर्नु पर्दछ । विद्यार्थीले कक्षा कोठामा कुनै कार्य गर्दा शिक्षकले प्रत्यक्ष वा परोक्ष रूपमा नियमित अनुगमन गर्नु पर्दछ । उनीहरूको ध्यान भंग हुने किसिमले व्यवधान गर्नु हुँदैन । तर, विद्यार्थीले जिज्ञासा राखेमा त्यसको संक्षिप्त उत्तर दिइहाल्नु पर्दछ । सबै जिज्ञासाहरूको उत्तर व्याख्या गरेर मात्र पुग्दैन । कतिपय जिज्ञासाहरूलाई संकेत हाउभाऊ वा इशाराका माध्यमबाट छोटकरीमा बुझाउन सकिन्छ । कक्षा शिक्षणमा विषयबस्तुको प्रसंग अनुसार शिक्षकले आफैले भोगेको देखेको घटनाहरू सुनाएर कक्षालाई अझ रोचक बनाउन सक्छन् । विद्यार्थीले जति बढी शिक्षकको बारेमा बुझ्द्छन् उनीहरूमा त्यत्तिकै निकटता र खलापन आउन सक्छ । कुनै पनि विद्यार्थीको ध्यान आकार्षण गराउँदा सामान्य अनुशासन उल्लंघन गर्दा पुरै कक्षाकोठालाई ध्यान आकृष्ट गरेर हस्तक्षेप नगर्ने, उसलाई इशारा संकेत वा नाम उच्चारण गरेर ध्यानाकर्षण गराउने ।

अत्याधिक पढाईको दवाव भएका विद्यार्थी विग्रन सक्छन् । साथीभाई प्रतिको असन्तुष्ट सम्बन्ध र शिक्षकसंगको भयले विद्यार्थी तर्सिने, एक्लिने र विग्रने गर्दछन् । परिवारिक असन्तुष्टिले पनि यसमा असर गरिरहेको हुन्छ । समयमै बालबालिकामा ध्यान दिइएन भने समस्याले जरो गाडन सक्दछ । नेपालका अधिकांश यूवाहरू विदेश गएकाले अभिभावक विहिन विद्यार्थीको पहिलो अभिभावक नै शिक्षकहरू भइरहेका छन् । शिक्षकहरूलाई परिचालित गर्ने पालिकाहरू हो । त्यसैले विद्यार्थीको अभिभावक पालिका नै हो ।

विद्यार्थीलाई पालिकाले अभिभावकको व्यवहार गरेन भने यूवा अवस्थामा गलत बाटोमा लाग्ने र दुर्व्यशनी बन्ने सम्भावना बढी हुन्छ । उनीहरू अपराधिक क्रियाकलापमा लाग्ने, मानसिक रूपमा अस्वभाविक व्यवहार देखाउने र स्वस्थ्य पारिवारिक व्यवहार नगर्ने बानीको विकास हुन्छ । त्यसैले कालान्तरमा उनीहरू वैवाहिक जीवनमा सफल एवं सुखी नहुने र अनुत्तरदायी बन्ने र पेशाप्रति असन्तुष्टि हुने सम्भावना बढी हुन्छ । यसैले युवा असक्षम भई मानसिक रोगी बन्ने भएकाले अभिभावक, शिक्षक र पालिका तीनवटै पक्षले प्रारम्भिक बालविकास क्रियाकलापदेखि १२ कक्षासम्ममा होस गर्नु पर्दछ ।

तसर्थ बालबालिकाको प्रकृति एवं वास्तविक चाहना र योग्यतालाई बुझेर सोही अनुसारको स्वस्थ्कर वातावरण प्रदान गर्न सक्नु नै बुद्धिमान आमाबाबुको कर्तव्य हो । पालिकाको कर्तव्य पनि यसैसंग मेल खान्छ । बालबालिका जहिले पनि पढ्की पढ् भनेर मात्र दायित्व पुरा हुँदैन । अभिभावकमा बालमनोविज्ञान र बालविकासको ज्ञानको अभावका कारण उनीहरूमा समस्या उत्पन्न हुने गरेको छ ।

अभिभावकले अपरिपक्व उमेरमा विवाह गराई दिने, आत्मनिर्भर नभएकाको विवाह गरिदिने भएकाले समस्या त हुन्छ नै अभिभावकहरू दुवै जागिरे भएकाहरूले बच्चा जन्माउँदा बालबालिकालाई उपलब्ध गराउनु पर्ने वातावरणबारे संवेदनशिल हुँदैनन् । पालिकाले यस्ता कुराहरूमा सुक्ष्म अध्ययन गरेर बालबालिकाको पक्षमा वातावरण तयार गर्नु पर्दछ ।

केही धनी र ठूलाबडाका छोराछोरीलाई धेरै पुल्पुलाउनु र रूढीवादी विचार लाद्न खोज्नुले पनि बालबालिकामा समस्या आउने गरेको छ । बच्चाको वौद्धिक स्तर र रूचीलाई वास्ता नगर्ने, सानो उमेरमा होस्टलमा राख्ने गर्दा तथा आमा बाबुबीच सम्बन्ध राम्रो नभएमा पनि समस्या परिरहेको छ ।

आमाबुबामा बालबालिकालाई हेर्ने बुझ्ने क्षमतामा त्रुटि आउने कडा अनुशासनमा राख्न खोज्ने भएकाले बालबालिकामा नकारात्मक असर परिरहेको हुन्छ । पालिकाले यसबारेमा के सोचेको छ ?

अहिले पनि पुराना शिक्षकहरूले यस्तो दण्ड त मलाई पनि दिएको थियो मलाई हानी भएन भने यिनीहरूलाई पनि हुँदैन भन्ने गरेका छन् । शिक्षकले सोच्ने गरेका छन् कि विद्यार्थीका अभिभावकले नै यसरी गरिदिनु भन्ने चाहना गर्दछन् भन्ने आरोप लगाउने गरेका छन् । शिक्षकको सोचाईमा शारिरिक दण्डले राम्रो काम गर्दछ, अर्को विधि नै छैन भन्ने छ । उनीहरू शारिरिक दण्डको माध्यमले विद्यार्थीलाई शिक्षण प्रति आज्ञाकारी वा आज्ञापालक बनाउँछ भन्ने मान्यतामा विश्वास गर्दछन् । शिक्षकले दण्ड त मैले अन्तिममा अपनाउने विधि हो र कक्षा कोठामा नियन्त्रण गर्नको लागि यो राम्रो उपाय हो भन्दछन् । धेरै शिक्षकहरूले मैले यस्तै गरेर धेरै पढाई सके विद्यार्थीलाई कुट्नै पर्दछ अनि तह लाग्छन् भन्ने छन् । त्यसैले शारिरिक दण्ड हाम्रो संस्कृतिको एउटा हिस्सा नै बनिसकेको छ । तर के पालिकाले अहिले पनि यस्तै हुन दिने ? नयाँ पद्दतीको अनुशरण गर्न पहिले शिक्षक, अभिभावक र विद्यार्थीमा ती पद्दतीबारे जानकार गराउनु पर्दछ । यो काम पालिका कै हो । अब पालिकाले शिक्षा सम्बन्धी नीतिहरू, कार्यविधिहरू बनाउँदा यस विषयमा गम्भीर भएर सोच्नु पर्दछ ।


कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)